"प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद"

# मदनपोखरा बहुप्राविधिक शिक्षालय

तानसेन ८, डुमकडा,पाल्पा

स्थापना: २०७५

Email: mppipalpa@gmail.com

सम्पर्क नम्बर: ०७५-४१२१२७

: ९८५७०७१२१८

पत्र संख्या.२०७९/०८०

चलानी नं. १२८

मिति : २०७९।०८।१६

**विषय :सीपमूलक तालीमको आवश्यकता पहिचान सम्बन्धमा ।**

श्री तानसेन नगरपालिका तानसेन पाल्पा ।

श्री रामपुर नगरपालिका रामपुर पाल्पा ।

श्री बगनाशकाली गाउँपालिका चिर्तुङ्गधारा पाल्पा ।

श्री माथागढी गाउँपालिका झडेवा पाल्पा ।

श्री रैनादेवीछहरा गाउँपालिका रैनादेवी पाल्पा ।

श्री रिब्दीकोट गाउँपालिका खस्यौली पाल्पा ।

श्री तिनाउ गाउँपालिका दोभान पाल्पा ।

श्री रम्भा गाउँपालिका पाल्पा ।

श्री पूर्वखोला गाउँपालिका पूर्वखोला पाल्पा ।

श्री निस्दी गाउँपालिका निस्दी पाल्पा ।

प्रस्तुत विषयमा युवा जनशक्तिलाई उनिहरुको रुचि र क्षमताका साथै समुदायको आवश्यकता अनुसारका सीपमूलक तालिमहरु प्रदान गरी रोजगारी वा स्वरोजगारीका अवसरहरु वृद्धि गर्दै उत्पादनका क्षेत्रहरुमा सक्रिय सहभागि गराउनु आजको आवश्यकता रहेको छ। यसका लागि आवश्यकताको पहिचान र सहि व्यक्तिको छनौट गरी गुणस्तरीय तालिम सञ्चालन गर्नुपर्ने हुन आउछ। यिनै विषयहरुलाई मध्यनजर गर्दै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्(CTEVT) बाट विगतका वर्षहरु देखि नै स्थानीय, तह र उद्योगी, व्यावसायी र रोजगारदाताहरुको माग अनुसारका सीपयुक्त जनशक्ति उत्पादन गर्ने प्रयास गरिदै आएको व्यहोरा अनुरोध छ। विगत वर्षहरुको अनुभवलाई हेर्दा सञ्चालित कार्यक्रमहरुबाट अपेच्छित उपलब्धि हासील हुन नसकेको अवस्था विद्यमान छ। पालिका भित्र सञ्चालन हुने आर्थिक क्रियाकलाप र रोजगारीका सम्भावनाका आधारमा कुन क्षेत्र, विषयर तहमा के कति जनशक्तिको आवश्यकता पर्दछ ? सो सम्बन्धमा तथ्यांक संकलन गरी सीपमूलक तालिम सञ्चालन गर्न देहाय अनुसारको विवरण उपलब्ध गराई सहयोग गरिदिनु हुन सविनय अनुरोध गरिन्छ। आगामी दिनहरुका तालिम सञ्चालन गर्दा कार्यस्थलको सिकाई र उत्पादित जनशक्तिको रोजगारी/स्वरोजगारीको सुनिश्चित हुन सक्ने क्षेत्रहरुलाई प्राथमिकता दिईएको व्यहोरा समेत अनुरोध गरिन्छ। स्थानीय तहको आवश्यकता अनुसारका जनशक्ति तयार गर्ने क्रममा आवश्यकताको पहिचान, सहभागि छनौट, तालिम सञ्चालन, सीप परीक्षण, तालिम पश्चातको सहयोग लगायतका क्रियाकलापमा दोहोरोपना नआउने गरी लागत साझेदारीमा काम गर्नका लागि समेत पालिकालाई यसै पत्रबाट विशेष अनुरोध साथै देहायमा उल्लेखित तालिम संचालनको लागी १५ (पन्ध्र) दिन भित्र माग पत्र पेश गर्नुहुनका साथै समबन्धित पालिका अन्तर्गतको वडा कार्यालयहरुमा जानकारी गराईदिन हुन समेत व्यहोरा अनुरोध छ।

२०७९/०८/१६

गोविन्द शर्मा

(.शिक्षालय प्रमुख)

पूर्वखोला गाउँपालिका

शाखा: प्रशासन

दर्ता नं.: ५०६

दर्ता मिति: २०७९/०८/२६

"प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्"

# मदनपोखरा बहुप्राविधिक शिक्षालय

तानसेन ,९, दमकडा,पाल्पा

स्थापना: २०७५

Email: mppipalpa@gmail.com

सम्पर्क नम्बर: ०७५-४१२१२७

: ९८५७०७१२१८

पत्र संख्या.२०७९/०८०

चलानी नं. १२८

| सी.नं. | क्षेत्र | तालिमको विषय | तह | संख्या (जना) | कार्यस्थलको अभ्यासको लागि प्रस्तावित स्थान/फर्म/उद्योग | तालिम पश्चात रोजगारी/स्वरोजगारी को सम्भावनाका क्षेत्र |
|---|---|---|---|---|---|---|
| १. | कृषि | सामुदायिक कृषि | १ | २० | | |
| २. | कृषि | सामुदायिक पशु सहायक | १ | २० | | |
| ३. | कृषि | च्याउ उत्पादक | | २० | | |
| ४. | कृषि | वेमौसमी तरकारी उत्पादक | १ | २० | | |
| ५. | कृषि | सामुदायिक पशु स्वास्थ्य कार्यकर्ता | १ | २० | | |
| ६. | कृषि | मौरीपालन | १ | २० | | |
| ७. | | सिलाई/कटाई(टेलरि | १ | २० | | |
| ८. | Eletrical | बिल्डिंग | १ | २० | | |
| ९. | Construction | प्लंबिङ्ग | १ | २० | | |
| १०. | कृषि | नर्सरी व्यवस्थापन | १ | २० | | |
| ११. | शिक्षा | ECDF(मन्टेश्वरी, ) | १ | २० | | |
| १२. | कम्प्युटर | Computer Hardware Technician | १ | २० | | |

नोट :

१. संचालन गरिने तालिम सङ्ख्य :
   - स्थानिय स्तरमा तालिमको माग भए बमोजिम संख्याको आधारमा प्रदेश कार्यालयको स्वीकृति/समन्वयमा उक्त तालिम संचालन गर्न सकिनेछ।
   - माथि उल्लेखित विषयका तालिम बाहेकका स्थानीय तहमा माग भई आएका अन्य कुनै विषयको तालिम भएमा पनि प्रस्ताव पेश गर्न सकिनेछ ।

२. तालिम संचालन स्थान : प्रशिक्षार्थिहरुको माग अनुरुपको स्थानमा।

३. **तालिम अवधि :** ३९० घण्टा/६५ दिन।

४. **तालिम शुल्क :** निःशुल्क।

५. **सहभागीहरुको छनौट**

२०७९/०८/१६

"प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद"
मदनपोखरा बहुप्राविधिक शिक्षालय
तानसेन ,९ मदनपोखरा ,पाल्पा
स्थापना २०७०

Email: mppipalpa@gmail.com
सम्पर्क नम्बर: ०७५-४१२१२७
: ९८५७०७१२१८

पत्र संख्या.२०७९/०८०
चलानी नं. १२८

- तालिमका लागि विपन्न, सुविधा विहिन, दुर्गम तथा पिछडिएको क्षेत्रमा बसोबास गर्ने समुदाय, लोपोन्मुख, अतिसिमान्तकृत, सिमान्तकृत, जनजाती, महिला, मधेसी, दलित, अपांग भएका व्यक्ति, वैदेशिक रोजगारीबाट फर्किएका युवाहरु यस तालिमका लक्षितवर्ग हुनेछन ।

**६. प्रशिक्षार्थिको योग्यताः**

- कम्तिमा १६ वर्ष पुरा भई नेपाली नागरिकता लिएको,
- पाठ्यक्रमले तोके बमोजिम न्युनतम शैक्षिक योग्यता भएको,(सामान्य लेखपढ)
- सिप परिक्षणको लागि यस अघि कुनै पनि व्यवसाय सोहि तहको सिप परिक्षणमा सहभागी नभएको,
- व्यवसायको माग बमोझिमको कार्य गर्न सबल रहेको

७. सेवा तथा सुविधा :

- दैनिक खाजाको व्यवस्था हुनेछ।
- तालिम समापन पश्चात राष्ट्रिय सिप परिक्षण समितिद्वारा सिप प्रमाणीकरण (Skill Test) गरिनेछ।

२०७९/०८/१६

..............................
गोबिन्द शर्मा
(.शिक्षालय प्रमुख)